म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ११० २०८० फागुन २६ गते शनिबार 9 March 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

शिवरात्रीको दिन शुक्रबार हेटौँडा-४ स्थित भुवनेश्वर महादेव मन्दिर परिसरमा पुजाका लागि उपस्थित भक्तजन ।

३३ जना महिला सम्मानित

समाज संवाददाता

हेटौंडाः ११४ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा ३३ जना महिलालाई सम्मान गरिएको छ। कार्यक्रममा विभिन्न ५ वटा विधामा ३३ जना महिलालाई सम्मानित गरिएको हो ।

हेटौंडा उपमहानगरपालिकाले शुक्रबार श्रमजीवी महिलाहरुलाई सम्मान, खुला हाजिरीजवाफ प्रतियोगिता र निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको छ । हेटौंडा उपमहानगरपालिकाको १९ वटै वडाबाट संघर्ष गरी जीविकोपार्जन गरिरहेका १९ जना महिलालाई सम्मान गरिएको हो ।

वडा १ बाट रमाकुमारी थापा रुम्बालाई सम्मानित गरिएको छ । यस्तै क्रमशः बालकुमारी भट्टराई, फूलमाया तामाङ, शान्ति बराल, बिमलाकुमारी राई, रञ्जना रोका, पदममाया दंगाल, पासाङमाया गोले, विष्णु बराल, शान्ता घिसिङ, दिलमा न्यौपाने, रोपनीमाया श्रेष्ठ, सुकु तामाङ, करुणा बस्नेत, फूलमाया घलान, उर्मिला आचार्य, गोमा मुक्तान, सावित्री बास्तोला र रेनुका नेपालीलाई सम्मान गरिएको हो ।

यस्तै, वैदेशिक रोजगारीबाट फर्किएर यहिँ व्यवसायीको रुपमा स्थापित भएकी वडा नम्बर १४ की पार्वती थिङ, वडा नम्बर १५ की पुतलीमाया गोले, वडा नम्बर १२ की कमला थिङ, वडा नम्बर १५ की रिमनी लामालाई सम्मानित गरिएको छ । निर्माण तथा उद्यममा जोखिम क्षेत्रमा आधारित वडा नम्बर १७ की सावित्री राई, वडा नम्बर १ की सुनिता कार्की, वडा नम्बर २ की पूजा कुमाल, वडा नम्बर ८ की सुस्मा श्रेष्ठ, वडा नम्बर १५ की सुरिला ब्लोन र वडा नम्बर १ की अनिता लामिछानेलाई सम्मान गरिएको हो ।

कार्यक्रममा संघर्षशील व्यवसायी एकल महिलामा विष्णुमाया थपलियालाई सम्मानित गरिएको छ भने परम्परागत लैंगिक भूमिकालाई चुनौती दिन व्यवसायमा लागेका गोमा राई, सरिता प्रधान र दीपा शिवभक्तिलाई सम्मान गरिएको हो ।

महिलाहरुका लागि पाठेघर, स्तन क्यान्सर तथा प्रजनन् फिस्टुलासम्बन्धी निःशुल्क परीक्षण तथा उपचार शिविर भएको थियो । शिविरमा १ सय ५० जनाको स्वास्थ्य जाँच गरिएको छ । शिविरमा १ सय १६ जनाको पाठेघर जाँच भएको छ, जसमा ३ जनामा पाठेघर को मुखमा क्यान्सर देखिएको छ । यस्तै, ३० जनाको स्तन जाँच भएको हेटौंडा उपमहानगरपालिकाकी सिनियर अनमी अस्मिता बैदारले जानकारी दिनुभयो ।

वनको जग्गा अतिक्रमण गरेर बनाइएका संरचना हटाइयो

समाज संवाददाता

हेटौंडाः डिभिजन वन कार्यालय मकवानपुरले वनको जग्गा अतिक्रमण गरेर बनाइएका संरचना हटाएको छ । हेटौंडा-१६, हटियास्थित घ्याम्पे सामुदायिक वनको जग्गा अतिक्रमण गरेर बनाइएको पोषक ब्रीडर्स फार्मको संरचना हटाइएको वन कार्यालयका सूचना अधिकारी दीपक अधिकारीले बताउनुभयो ।

वनको करिब १४ कठ्ठा जग्गा अतिक्रमणमुक्त बनाएको अधिकारीले बताउनुभयो । केही दिनअघि मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, सहायक प्रमुख जिल्ला अधिकारी झरेन्द्र चापागाई र वन कार्यालयका पदाधिकारीसहितको संयुक्त टोली खटेर उक्त संरचना हटाएको उहाँले बताउनुभयो । उक्त जग्गामा बनेको सबै संचरना हटाएर खाली गरेको र त्यहाँ वृक्षारोपण गरिने अधिकारीले बताउनुभयो ।

केही महिनाअघि उक्त वनको जग्गा अतिक्रमण भएको भन्दै अख्यिारमा मुद्दा दर्ता भएको थियो । अख्तियारले जिल्ला वन कार्यालयलाई छानबिन गर्न भनेपछि अमिनलाई खबर गरेर चेकजाँच गर्दा अतिक्रमण भएको पाइएको अधिकारीले बताउनुभयो ।

उक्त ऐलानी जग्गा फार्म सञ्चालकले पनि पछि किनेकाले त्यसमा प्रत्यक्ष संलग्नता नदेखेको उहाँले बताउनुभयो । उनलाई अहिले कारबाही भएको छैन । वन कार्यालयले उक्त अतिक्रमण भएको जग्गा हटाउन सूचना दिएपछि फार्म सञ्चालकले कुनै अटेर नगरी भत्काएर सहयोग गरिदिएको उहाँले बताउनुभयो ।

भैरव अर्याल सम्मानबाट हास्यव्यङ्ग्यकार लामिछाने सम्मानित

हास्यव्यङ्ग्यकार मीनप्रसाद लामिछानेलाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौंडाः भैरव अर्याल सम्मान २०८० बाट हास्यव्यङ्ग्यकार मीनप्रसाद लामिछाने सम्मानित हुनु भएको छ। भैरव अर्यालको अर्धकदको प्रतिमा समेत रहेको पुष्पलाल स्मृति पुस्तकालय परिसरमा शुक्रबार साहित्य संगम मकवानपुर र सिस्नुपानी नेपाल मकवानपुरद्वारा संयुक्त आयोजनमा सम्मान कार्यक्रम भएको हो। कार्यक्रमका अतिथि र सहभागीले भैरव अर्यालको प्रतिमामा माल्यार्पण तथा पुष्पगुच्छा अर्पण गरेका थिए।

भैरव अर्यालका छोरा दीपक अर्यालले स्थापना गर्नुभएको पुरस्कार साहित्य संगम र सिस्नुपानी मकवानपुरले संयुक्तरुपमा हरेक वर्ष प्रदान गर्दै आएको छ । ‘मैले जिउन जानिन’ व्यङ्ग्य कृतिका कृतिकार लामिछाने २१ हजार १ सय ११ नगद र सम्मानपत्रसहित सम्मानित हुनु भएको हो । यसअघि सञ्जय साह मित्र, हरिकला उप्रेती, राजकुमार लामिछाने, धुर्मुस सुन्तली फाउण्डेशन, मनोज गजुरेल, चट्याङ मास्टरलगायत उक्त सम्मानबाट सम्मानित हुनुभएको छ ।

सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष राजकुमार लामिछानेको सभाध्यक्षतामा आयोजित कार्यक्रममा नेपालको पहिलो बाँदर विशेषज्ञ बुद्घयौली साहित्य अभियानकर्मी डा. मुकेशकुमार चालिसेको प्रमुख आतिथ्य रहेको थियो । सर्जक सञ्जाल मकवानपुर संयोजक निमेष निखिल, बुद्घयौली साहित्य समाज मकवानपुरका अध्यक्ष आरसी रिजाल, तुलसी घिमिरे, साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौला, उपाध्यक्ष सानु खनाल, श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठान अध्यक्ष ईन्द्रप्रसाद नेपालको उपस्थिति रहेको थियो ।

कार्यक्रममा निमेष निखिलले भैरव अर्यालको जीवनीबारे जति बोले पनि पूरा गर्न नसकिने बताउनुभयो । उहाँले अर्याल लेखनमार्फत् नेपाली हास्यव्यङ्ग्यमा चिरकालसम्म रहिरहने व्यक्तित्वका रुपमा रहेका र उहाँको बारेमा विस्तृतमा जान्नका लागि प्रोल्लास सिन्धुलीयकृत भग्नभैरव पढ्नका लागि अनुरोध गर्नुभयो। सिस्नुपानी नेपाल तथा एजिङ नेपालका संस्थापक कृष्णमुरारी गौतमले हेटौँडा हास्यव्यङ्ग्य सिर्जनाको राजधानी भएको भन्दै सिस्नुपानी नेपाल मकवानपुर र साहित्य संगम मकवानपुर सहित विविध साहित्यिक संस्थाहरुमार्फत् प्रदेश राजधानीलाई चिनाउन सफल रहेको बताउनुभयो । दीपक अर्यालले सिस्नुपानी विस्तारदेखि भैरव अर्यालको स्मृतिमा हेटौँडामा प्रतिमा स्थापना, पुरस्कार स्थापना र हास्यव्यङ्ग्य सिर्जनामा आरसी रिजालको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

‘१०१’ सहकारी अभियन्ता पुस्तक विमोचन

समाज संवाददाता

हेटौंडाः जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरले तयार पारेको मकवानपुरे ‘१०१’ सहकारी अभियन्ता पुस्तक विमोचन भएको छ । शुक्रबार अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजित कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले पुस्तकको विमोचन गर्नुभएको हो ।

पुस्तक विमोचन गर्नुहुँदै नगर प्रमुख लामाले विगतका इतिहासलाई जोगाउने कामको थालनी गरेको भन्दै सहकारीको प्रशंसा गर्नुभयो । उहाँले महिला र समाजलाई रुपान्तरण गर्न सहकारीको भूमिका रहने बताउनुभयो। सर्वहारा वर्गदेखि सबैको उत्थान र आर्थिक रुपान्तरण गर्न सहकारीले कार्य गर्दै आइरहेको उहाँले बताउनुभयो ।

उहाँले पछिल्लो समय केही सहकारीहरु नीति र विधानअनुसार नचल्दा संस्था नै बन्द गर्नुपर्ने स्थिति आइरहेको भन्दै सहकारीहरु विधि र विधानअनुसार चल्नुपर्ने बताउनुभयो। कर्मचारी र व्यवस्थापन समितिबीचको सम्बन्ध राम्रो बनाएर सहकारीलाई अगाडि बढाएमा सफल हुने उहाँको भनाइ छ ।

संघकी अध्यक्ष कल्पना श्रेष्ठले पुस्तकबारे जानकारी गराउनुभयो। सबैको उस्तै सक्रिय, उत्तिकै इमानदार, सबैमा केही गरौं भन्ने जोडतोड भावना र कोहीभन्दा कोही कम नभएको अवस्था भन्ने मान्यताका साथ पुस्तकको नाम ‘१०१’ सहकारी अभियन्ता राखिएको उहाँले बताउनुभयो। बचत संघ मकवानपुरको प्रारम्भ महिला सहकारीको महिला प्रतिनिधिबाट भएको बताउनुहुँदै उहाँले यो पहिलो संस्करणको पुस्तकमा महिलाहरु प्राथमिकतामा परेको बताउनुभयो। पुस्तकमा लेखको क्रमबद्धताको आधारमा पहिला आउनेलाई पहिला नै राखिएको पनि उहाँले बताउनुभयो । रघुनाथ लामिछानेले सम्पादन गर्नुभएको पुस्तकमा ५० सहकारी महिला अभियन्ताहरुको कथा समेटिएको छ । पुस्तक १ हजार थान छापिएको छ । पुस्तक छपाइमा ५ लाख रुपैयाँ खर्च लागेको जनाइएको छ ।

कार्यक्रममा हेटौंडा-११ की वडाध्यक्ष जुना दाहाल, बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटा, हेटौंडा उपमहानगरपालिकाको सहकारी विकास शाखाका प्रमुख हिमप्रसाद पौडेललगायतको आतिथ्य रहेको थियो। पुस्तक विमोचनको अवसरमा अगुवा अभियन्ताले आफ्नो अनुभव समेत प्रस्तुत गरेका थिए । सहकारीको माध्यमबाट महिला सशक्तीकरण, आर्थिक एवम् सामाजिक विकासमा अतुलनीय योगदान रहेको बताइएको थियो ।

३ जिल्लामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकै दिन ३ जनाको मृत्यु भएको छ । चितवन, सिन्धुपाल्चोक र नुवाकोटमा एकै दिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-६, प्रेमबस्तीमा बोलेरो जीपले ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका-३ घर भई हाल प्रेमबस्तीमा डेरा गरी बस्ने ४० वर्षीय अमरदेव महतो रहेको प्रहरीले जानकारी दिएको छ । बिहीबार नम्बर नखुलेको बोलेरोले ना १७ प ७३१३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक महतो गम्भीर घाइते भएका थिए । घाइते महतोलाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएकोमा उपचारको क्रममा शुक्रबार बिहान मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

सिन्धुपाल्चोकको जुगल गाउँपालिका-१, बाँससिम्लेमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ४७ वर्षीय डम्बरबहादुर थापा रहेको प्रहरीले जानकारी दिएको छ। थापा बुधबार बिहान ११ बजेको समयमा घरमा जानकारी नगराई आफूखुसी निस्केकोमा आफन्तले खोजतलास गर्दै जाँदा बिहीबार बिहान ७ बजेको समयमा आफ्नै पाखोबारीमा मृत फेला परेको प्रहरीले जनाएको छ ।

नुवाकोट जिल्लाको किस्पाङ गाउँपालिका-५ मा ट्र्याक्टर अनियन्त्रित भई पल्टिँदा चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा रौतहट जिल्लाको मौलापुर नगरपालिका-६, पथराबुद्धरामपुर बस्ने १८ वर्षीय धिरज यादव रहेको प्रहरीले जानकारी दिएको छ। बिहीबार दिउँसो ४ बजेर २० मिनेटको समयमा फिकुरे-भाल्चे कच्ची सडकखण्डको मानेगाउँमा त्रिशुलीबाट भाल्चेतर्फ जाँदै गरेको ५ त ८१६२ नम्बरको ट्र्याक्टर ह्याण्डल फुत्की अनियन्त्रित भई बाटोबाट ५ फिट तल पल्टँदा यादवको घट्नास्थलमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

वडा प्रहरीको आयोजनामा निःशुल्क स्वास्थ्य शिविर

समाज संवाददाता

हेटौंडाः वडा प्रहरी कार्यालय हेटौंडाको आयोजनामा निःशुल्क स्वास्थ्य शिविर भएको छ। शुक्रबार वडा प्रहरीले महाशिवरात्रीको अवसरमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको हो ।

शिविरमा १८५ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो । नेपाल प्रहरी रातोमाटे शाखाका स्वास्थ्यकर्मीले सामान्य स्वास्थ्य, प्रेसर चेकजाँच गरेका थिए । प्रहरीले २ सय कार्टुन फ्रुटी, पानीसमेत वितरण गरेको थियो ।

वडा प्रहरीले महाशिवरात्रीको अवसरमा मानिसको भिडभाडलाई ध्यानमा राख्दै पशुपति मन्दिरमा स्वास्थ्य शिविरको आयोजना गरेको हो। शुक्रबार पशुपति मन्दिरमा ५ हजार जनाको उपस्थिति रहेको थियो। सामुदायिक सेवा केन्द्र बसपार्क र पशुपति सेवा केन्द्रको सहकार्यमा कार्यक्रम भएको हो ।

डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैँयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढैंलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढैंलो निभाऔँ । डढैंलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौँ ।

डिभिजन वन कार्यालय, मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७ :00 बजेदेखि बेलुका ७ :00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

आदर्श मानव

कथा

समर्पण न्यौपाने

र, आदर्श मानवले आफ्नो तरबार बिसायो ।

ऊ एउटा विशाल रक्तकुण्डको बिचमा उभिएको थियो । एकपटक उसले आफ्ना हातहरूलाई हेर्‍यो । ती रगताम्मे थिए । रगतको ताप कञ्चटसम्म पुगेको थियो । त्यो ताप उसको युद्धकौशलको चिनारी थियो ।

उसले पनि केही समय त जितको अनुभूति पाएन । पाओस् पनि कसरी ? एउटा युद्धको अवसान अर्को युद्धको कारक हुन पुग्थ्यो । यी युद्धहरु आदिम समय र समाजदेखि नै चल्दै आएका थिए । कारण परिवर्तनशील थिए । द्वन्द्व शाश्वत थियो । तर, आखिर जित त जित नै हो ।

'सभ्य र बर्बरहरुको त्यो युद्धमा सभ्यहरुले जितेका थिए । नीति, नियम, आदर्श र अनुशासनको विजय भएको थियो ।'

लेखिदिने छन् लेख्नेहरूले ।

बिस्तारै ढोल र नगराहरु बज्न थाले । युद्धको अन्त्यमा बाँचेका सैनिकहरुले आदर्श मानवको गुणगान गाउन थाले । अवसानपछि युद्धहरुमा प्रायः नायकहरूकै गुणगान गाइन्छ । अझ विशेषतः युद्धलाई आफ्नो काँधमा बोक्ने सैनिकहरुकै मुखबाट । जसले जति गुणगान गाए पनि वा बहादुरी देखाए पनि उसको नायक पदलाई कोहीसँग कुनै खतरा थिएन । त्यो पद त उसको 'जन्मसिद्ध अधिकार' थियो । यो कुरा पनि आदर्श मानवले बुझेको थियो ।

एकाएक शरीर नभएका टाउका र टाउका नभएका शरीरहरुको त्यो रासमा उसको आँखा त्यस्तै एउटा टाउकोमा पर्‍यो । त्यसका आँखामा आँखा मिलाउँदै ऊ केही पर थ्याच्च बस्यो ।

ऊ सानो हुँदा उसकी आमाले सुनाएकी थिइन् उसका पुर्खा प्रथम मानवले ज्वालाको टापुबाट आगो ल्याएर त्यो बस्ती बसाएका थिए । उनले नै बस्तीका मान्यताहरु स्थापना गरेका थिए ।

उनीहरूले लागि जति त्यो आगो आरध्य थियो, त्यति नै आरध्य थिए प्रथम मानव पनि । उनीहरुले आरधना त त्यो नदीको पनि गर्थे जसको किनारमा त्यो बस्ती बसेको थियो ।

उनीहरूको जस्तै इतिहास बोकेको मानिसहरु नदीको अर्कोतर्फ पनि बस्थे । सुरुवातमा यी बस्तीहरूको आपसमा राम्रै सम्बन्ध थियो । उनीहरु एक अर्काका अधिकार क्षेत्रमा त्यति हस्तक्षेप पनि गर्दैनथे । उनीहरुलाई जोड्ने एउटै कडी त्यो नदी थियो ।

अपसोच ! त्यो नदीको आधिपत्य नै उनीहरुको द्वन्द्वको कारण बन्यो । बिस्तारै द्वन्द्वमा पानीबाट माटोमा पनि सर्‍यो । अनि, सुरु भयो यी कबिलाहरूबिच युद्धको लामो शृङ्खला ।

उसको जिजुबाको समयमा आइपुग्दासम्म विपक्षी कबिलाका मान्छेहरु हरियो डाँडातिर सरिसकेका थिए । उसका हजुरबा र बाले ती मान्छेहरूलाई डाँडा भन्दा पनि पारि जान बाध्य पारे ।

खोला पारिको त्यो बस्ती अब डाँडापारिको भइसकेको थियो ।

आदर्श मानव युद्ध थामिएको धेरै पछि जन्मिएको हो तर जन्मेदेखि नै उसले ती डाँडापारिका मानिसहरुलाई घृणा गर्न सिक्यो । पढाउन पनि उसलाई सानैदेखि पढाइयो :

हामीहरु सत्य हौँ । तिनीहरु असत्य हुन् ।
हामीहरु बहादुर हौँ । तिनीहरु पामर हुन् ।
हामीहरु रापिलो उज्यालो हौँ । तिनीहरु निष्पट्ट अन्धकार हुन् ।
हामीहरु सभ्य हौँ । तिनीहरु बर्बर हुन् ।

गाउँ घरमा हल्लाहरु फैलन्थे: "त्यहाँका मानिसहरु त रातमा मसान जसरी डाँडापाखा भड्किएर हिँड्छन् र स्याल कराए जसरी कराउँछन् ।"

त्यसैले, गाउँलेहरूले त्यस डाँडाको नाम नै मसान डाँडो राखिदिएका थिए ।

उसले सम्झ्यो । ऊ जस्ता र उही सरह क्षमतावान् शिष्यहरुको समूहबाट उसका गुरुले उसलाई चुनेका थिए र सम्पूर्ण शास्त्रहरुको ज्ञान दिएका थिए । उसलाई कुनै दिन भनेका थिए, "हाम्रा शास्त्र र सभ्यताको रक्षा गर्नु तिम्रो सबैभन्दा ठुलो कर्तव्य हो । यो हाम्रो पिता पुर्खाको नासो हो ।"

त्यसपछि उसका लागि ती मान्यताहरु प्रश्नका दायराभन्दा माथि भए । ऊ प्रश्नहरुलाई नै घृणा गर्न थाल्यो । डाँडापारि बस्ने बर्बर मान्छेहरु भन्दा बढी घृणा ।

उसका बा ऊ भन्दा पहिले नाइके थिए-कबिलाको । बाले उसलाई आफ्नो तरबार दिएको केही दिनमा नै बतासमा अन्तिम सास मिसाए । त्यसपछि उसलाई त्यो तरबारले छाडेन ।

उसका लागि आफ्ना मान्यताहरु सबैभन्दा प्रिय थिए । उसका लागि त्यो भूमि नै सबै थोक थियो । साँच्चै भन्दा उसले मसान डाँडा काटेकै थिएन ।

बडो अचम्म भयो त्यो दिन, एकाएक गाउँका अगेनाबाट आगो हरायो । अहँ, एउटा घरमा पनि आगो थिएन । आदर्श मानव आफैँ चकित भयो । बुढापाकाहरुले भने, "अब इष्ट देवहरुलाई फकाउनुपर्छ । तपाइँ अब छिटोभन्दा छिटो गाउँमा आगो फिराउनुपर्छ ।"

इष्टदेवलाई फकाउने जिम्मा बुढापाकाहरुले नै लिए । आदर्श मानवले पल्लो गाउँबाट आगो चोरेर ल्याउनुपर्ने भयो ।

आगोको चोरी कुनै नराम्रो उद्देश्यले गरिनेवाला थिएन । यो त गाउँको भलाइका लागि गरिँदै थियो । तर चोरी गर्नु शास्त्रहरुको विरुद्ध जानु थियो । मान्यता र सभ्यताको विरुद्ध जानु थियो । यो आदर्श मानवलाई अपाच्य थियो । त्यतिबेला नै उसले आफ्नो तरबार उचाल्दै भन्यो, "ती बर्बरहरुबाट आगो चोरेर ल्याउनु हाम्रो लागि अपमान हो । हामी आगो जितेर ल्याउँछौँ ।"

आगो माग्न पनि सकिन्थ्यो होला । तर, यो गर्नु उनीहरुको लागि झन् अपमानको कुरो ठहर भयो । हेर्दाहेर्दै आगोको चोरी अब युद्धमा परिणत हुँदै थियो ।

आदर्श मानव जीवनमा पहिलो पटक आफ्ना सैनिकहरुका साथ डाँडापारिको त्यो गाउँमा पुग्यो र युद्धको बिगुल फुक्यो । जसरी उसका हजुरबाले फुकेका थिए । जसरी उसका बाले फुकेका थिए । तर, त्यो युद्धको कर्कश ध्वनिमा कहिल्यै माधुर्य बढेन । मिठास थपिएन ।

क्षणभरमा नै ऊ जतिक्कै बलिष्ठ अर्को युवक आफ्ना सेनाहरुको साथ उसको अगाडि उभियो र जङ्गी स्वरमा भन्यो, "फेरि आयौ , तिमीहरु । के लिन आयौ ? हामीले हाम्रो खोला गुमायौँ । डाँडा र माटो पनि गुमाइसक्यौँ । अब हामीहरुसँग गुमाउनका लागि केही छैन ।"

"बढी नबोल् । पक्कै तिमीहरुको छाया परेर हाम्रो अगेनाको आगो निभ्यो । हामी आगो जित्न आएका छौँ । काँतर होइनौ भने हामीहरुसँग लड ।", आदर्श मानवले बडो रवाफसाथ भन्यो ।

"अब आगोमा पनि आँखा लगाउन थाल्यौ तिमीहरुले ? त्यो तरबारमा हेर्ने गर आफ्नो प्रतिबिम्ब । तिमीहरुका निला आँखामा अब रगतको प्यास बाहेक केही बाँकी छैन ।"

"बोल्न मात्र जान्दछस् जस्तो छ । सक्छस् भने लड् । अब आगो मात्र होइन । तेरो टाउको पनि लिएर फिर्नु छ, गाउँ ।", आदर्श मानवले यति भनी आक्रमणको थालनी गर्‍यो ।

सोचे जस्तो कहाँ थियो र ! युद्ध बडो भीषण भयो । हार्नेहरु दुवै पक्षले हारिसकेका थिए । जित्ने कुरा अब कमै बाँकी थियो ।

विपक्षी सैनिकको नायक त्यो युवकको घोडा निक्कै फुर्तिलो थियो । ऊ आदर्श मानव भएतिर बढ्दै थियो ।

बोल्न नसक्ने जनावरहरुमाथि आक्रमण गर्नुहुन्न भनेर उसका गुरुहरुले सिकाएका थिए । तर ऊसँग अब विकल्प बाँकी थिएन । उसले एउटा भाला उठाएर घोडाको खुट्टामा हान्यो । घोडाको गति रोकियो र त्यो रन्थनिन थाल्यो । युवक घोडाबाट ओर्लियो । आदर्श मानवले पनि आफ्नो घोडालाई लगाम दियो र सुरु भयो, निर्णायक युद्ध । ती दुईको तरबार युद्धका बिचमा पर्ने कोही पनि सैनिक बचेनन्, न आफ्ना न पराइ । तर, आदर्श मानवको युद्ध कौशलको नै अन्त्यमा जित भयो । युवकले हार मानेर तरबार बिसायो । अब ऊमाथि प्रहार गर्नु युद्धनीतिको विरुद्ध हुन्थ्यो । तर, आवेगमा उसले युवकको घाँटी छिनालिदियो ।

ऊ दोस्रो पटक आफ्नो आदर्शहरुको विरुद्ध गयो ।

उसले अघिदेखि नियालिरहेको त्यो शरीरविहीन टाउको त्यही युवकको थियो । जिते पनि उसमा जितको रवाफ आउन पाएको थिएन । जे डर थियो उसलाई त्यही भयो । युवकका आँखाहरु उसलाई एकोहोरो प्रश्नहरु सोध्न थाले:

- "आगो तातो कि रगत ?"
- ....
- "अभिमान ठुलो कि जीवन ?"
- ....
- "जित गौरवशाली कि हार आदर्शसँग ?"

....

....

ती प्रश्नहरु युवकका आँखाबाट निस्किएर उसका शिरमाथि डरलाग्दा र ाक्षसहरु जसरी मडारिन थालेका थिए । उसका हातहरु एकाएक लुला भए । न त ऊ बसेको स्थानबाट उठ्न सक्यो न त बिसाएको तरबार उठाउन नै सक्यो ।

पछाडिबाट एउटा जवानको सानो आवाज आइरहेको थियो, "नायक यो गाउँका अगेनाबाट पनि आगो हराएको छ ।"

मैले देखेको पुरुस हिंसा

भुमिराज पौडेल "फलानो"

खै कहाँबाट सुरु गरौ, जहाँ प्रत्येक शब्द-शब्दहरु प्रेमिल भाब बनेर गलामा अडकिन्छ यो कलिलो छाती चिरिन्छ, समुन्द्रको भेलसरि आँखाबाट अश्रुधारा बग्न थाल्छन अनि परदेसिएका दाजुभाइहरुलाई सम्बोधन गर्ने कुनै शब्द नै पाउँदिन हजारौं लेख देखे, जो महिलाको हकहितका लागि लेखिए हजारौं सभा समारोह गोष्ठीहरु म महिलाकै आवाज सुनिए तर मौन भएर हजारौको बिचमा उभिएको पुरुषलाई कसैले पनि देखेनन उसको पीडा पनि सुनेनन अनि परदेसिनु बाहेक अर्को बिकल्प भेटिएन ।

पल्लो घरे साइलाको छोरो १८ वर्ष उमेर मै घरको स्थितिले गर्दा बिदेस गयो ६-७ वर्ष बिदेश बसेर आएपछी बिबाह गर्यो उसको काँधमा जिम्मेवारी बढ्यो भन्ने गर्छन छोरी मान्छे दुई घरको भाग्य लिएर जन्मिनछन अरे फेरि छोरा मान्छे दुई घरको जिम्मेवारी लिएर जन्मिनछन भन्ने किन बुझ्दैन एउटा घरपरिवार अनि नारीसँगै उसले जिम्मेवारी अँगालेको हुन्छ हरेक बुबाआमाले आफ्नी छोरीलाई पराइ घर पठाउँदा सुखसयल भएको केटो माग्ने गर्छन त्यसै गरि अर्कि आमाले पनि बुहारीबाट छोराको लागि सुख र खुसीको आशा बोकेकी हुन्छिन तर महिलाहरुले पुरुषले परदेशमा हड्डी खियाएर कमाएको पैसा कुम्लाएर बेपत्ता हुन्छन् आखिर किन ?

सबैको मुखबाट सुनेको छु पुरुषको मन कठोर हुन्छ कति गाह्रो छ है पुरुष हुनलाइ जन्मसँगै हजारौं सपना जोडिन्छन जुन उसको लागि हुदैन बाबा आमाको सहाराको लागि अनि जिम्मेवारिको लागी हुन्छन पुरुषको लागि आफ्नो ऐना हेर्ने समय पनि हुँदैन किनकी उसलाइ त पुरै घरको जिम्मेवारी निर्वाह गर्नु छ । भन्छन नि मानिसहरु समयसँगै हैसियत सोध्छन भनेर त्यसकारण पुरुषलाई नाम कमाउनु छैन ठूलो हुनु छ धेरै पैसा कमाउनु छ ।

कयौं ठाउँमा हामिले देखेको कुरा हो पुरुषहरु हरेक दिन हरेक रात आफ्नो परिवारलाई छाडेर परदेशमा हड्डी खियाएका छन आफ्नो खुसी भन्दा अरुको खुसीका लागि जिन्दगी बिताइरहेका छन हड्डी खियाएर धन कमाएका छन अनि स्वदेशमा कयौं नारीहरु त्यहि पैसा कुम्लाएर बेपत्ता भएका छन कस्तो दर्दनाक पीडा पुरुषलाई उसका जिम्मेवारी दिन प्रतिदिन बढ्दै गएका छन र अन्त्यमा कयौं लेखहरु पढे कयौं समाचार सुने कयौं पुस्तकहरु पढे ती सबैमा महिलाको हकहितका लागि आवाज उठे महिला हिंसा बिरुद्ध कयौं कार्यक्रमहरु भए तर त्यहि ठाउँमा पुरुषका लागि न त केही कार्यक्रम भए न त उसको आवाज कसैले नै सुन्यो अझै पनि हर कोहि भन्ने गर्छन महिला हिम्सा दिन प्रतिदिन बढ्दै गएको छ तर महिला हिम्सा देख्ने हाम्रो यो आँखाले पुरुष हिंसा कहिल्यै देखेन ....हरेक ठाउँमा पुरुष पिडित भएको कसैले देखेन आखिर किन ?

पर्वत

मुक्तक

सुमी थिङ

राजाको महल बन्यो
कसैले केही भन्यो
राजा इमानदार रहेछ
कसले खेत खन्यो ?

फुलको सुगन्धलाई सबै ठाउँमा छरेर
देशका लागि मर्न पछि नपरेर
हामी देश नेपाल ज्ञान भूमिकोस्वरुप हो
देशलाई भरिपूर्ण माया गरेर ।

राख्छु देशको शान
गर्छु देशलाई मान
प्राप्त गर्छु ज्ञान
काफि छ यो प्राण ।

सालको रुख ढल्यो
चुलोमा आगो बल्यो
ठाउँ पनि खुला छ
रुखमा आँप फल्यो

कक्षा-७, अमर मावि, हेटौँडा-१

आजका बालबालिकाहरुमा सामाजिक चेतनाको स्तर

ध्रुव सिंगतान

आज सार्वजनिक विदा यद्यपि कार्यालय एकछिन पुगेर काम सकिए पश्चात् घर फर्किने क्रममा बाटोमा जुन दृश्य देखे र आफ्ना मनमा उब्जिएका विचारहरुलाई लिपीबद्ध गर्ने जमर्को गरेको छु ।

आज महा शिवरात्री मलाई पक्का थाहा छ । यो हिन्दू धर्मलाम्बिहरूको एक महत्वपूर्ण धार्मिक एवम् सांस्कृतिक पर्व पनि हो । विशेषत: आज तीनै शिवको विवाह वार्षिकी अनि साधकहरूका लागि भने आज शिव भगवान् पर्वतको रूप धारण गरेर अचल, अमर अनि अजर आशुतोष हुनुभएको दिन हो भनी विश्वास गर्दछन् तसर्थ शिवरात्रीको रातलाई अचल अनि निर्भय रात्रिका रूपमा पनि लिइन्छ । त्यही रात्रि सांस्कृतिक कार्यक्रमका लागि केही पर्सादी जोगो गर्ने बाहानामा स-साना बालबालिकाहरू सडकको छेउछाउमा बसी सवारी साधन चालकहरूलाई केही शिवको नाममा भेटी संकलन गर्ने गर्दछन् जुन बालबालिकारुलाई अत्यन्तै रमाइलो साथै आफूले केही कमाई गरेको जस्तो अबोध बालापनको मनोवृद्बि देखिन्छ जुन विल्कुलै सबै जनाको बालापनका परिदृश्य पनि हो । उनीहरुले सुनेका र केही आफूभन्दा ठूलो दाई दिदीहरूले पहिला गरिएको सिको गर्न सा-साना बालबालिकाहरु तछाडमछाड गरी उक्त कार्य गर्दछन् जुन एकदमै मनमोहक दृश्य बनीदिन्छ । जहाँ ती बालबालिकाहरू भेटी संकलन भन्दा बढी आपसी रमाइलोमा निथ्रुक्क भई रहेको देखिन्थ्यो ।

त्यसैले कही बाटो छेकि हाल्यो भने केही पैसा त दिनु नै पर्छ भनि खुद्रा पैसा छुट्याएर फर्किदै थियो । बाटोमा पनि त्यस्तै माहोल सृजना भई रहेको थियो । एक ठाउँको दृश्य हो । जहाँ सबै जना करिब ५ वर्ष देखि ८ वर्ष हाराहारीको नानीहरूमात्र थिए र मलाई बाटो छेकेर ती मध्ये एक जना सानी नानीले भनिन् दाई आज शिवरात्री हो नि । जुन बोलीमा आत्मविश्वासले भरिएको विना संकोच

ढुक्कको बोलि प्रश्न थियो । अनि मैले पनि भने नानी तिमीहरूलाई त अघि जाने बेलामा दिइएको होइन् र ? अनि एक अर्की नानीले मलाई भनिन् । जुन कुराले मलाई केही क्षण सोच्न बाध्य नै पार्‍यो । उनी भन्दै थिईन्- दाई आज त अन्तर्राष्ट्रिय नारी दिवस पनि हो नि अनि मैले भने हो र, तिमिलाई पनि थाहा छ ? उसो भए ल भन त यो कति औं अन्तर्राष्ट्रिय महिला दिवस हो ? अनि ती नानी अलि झस्किए झै देखियो तर मलाई थाहा छ यो प्रश्न हालै लोक सेवा आयोगबाट लिने नायव सुब्बा पद वा पाँचौ तहका प्रश्नपत्र वा सो सरहको छ तर उनी भन्छु भन्ने चेष्ठा गरिरहेको देखेर म तीन छक्रक परे । उनले भनिन् दाई १४ औं हो, ओहो ! झन म अचम्म मै परे झण्डै सहि उत्तर दिईएकोमा उनी सही उत्तरको हारहारीमा नै पुगिन । उनले जवाफ भन्दा पनि उनको आटिलोपन देखेर म सोच्न बाध्य हुँदै थिए । त्यहाँ रहेको मध्ये पल्लो छेउमा बसेकी एक जना नानीले ११४औं हो दाई भनीन् । जुन अन्ति नानीको जवाफ वास्तवमै सहि नै थियो पनि ।

यी घटनाक्रमले मलाई के कुरामा update गराइयो भने अहिलेको शिक्षाले बाल मष्तिष्कमा समसामायिक चेतना आम समाजमा कति सशक्त रुपमा प्रभाव गरिरहेको छ । हाम्रो अधिकार के हो ? कर्तव्य के हो ? उतरदायित्व के कस्ता हुनु पर्दछ भन्ने जस्ता नैतिक तथा संविधानतह स्पष्ट पारिएको हक अधिकारहरु सम्बन्धी शिक्षाको प्रभावले देशमा समाजवादको सूचकहरूलाई राम्रो प्रभाव पारिरहेको छ । जुन सरकारले लिएको संमृद्ध नेपालः सुखी नेपालीको राष्ट्रिय आकाक्षं पुरा हुने बाटोमा हामी लम्कि र हेका छौ भन्ने संकेत पनि हो । तर यसो भनि रहदाँ हाम्रो शिक्षाको सामाजिक प्रभाव सबै राम्रा मात्रै छन् भन्ने पनि हैन । त्यसो त हाम्रो शिक्षालाई अझै समय र सन्दर्भ अनुसार सुधार गर्दै लैजानु आवश्यक त छ नै । साथै हाम्रो शिक्षालाई सिरानीमा लामो कागजको खोस्टा राख्ने मात्रै नभएर दैनिकी गुजरा निर्वाह गर्न रोजगारीसँग जोडिएको पनि हुन उतिकै आवश्यक छ । अतः समाजमा लैङ्गिक समानताको यी यस्ता चेतना संविधानले सुनिश्चित गरिएको मौलिक हक, अधिकार र कर्तव्य जसले समाजवादको सूचकहरुलाई ठूलो असर गर्ने गर्दछन् यस्ता जनचेतनाद्बारा नै स-साना बालबालिहरुमा अधिकार र कर्तव्य बोध गराउँदै आत्मबल बलियो बनाउँदै उत्तर दायी हुँदै भविष्यमा एक असल नागरिक बन्न ठूलो टेवा मिल्दछ ।

बालबालिका विशेषतह नानीहरूमा बाल अधिकार र कर्तव्य सिकाउँदै जाने हो भने नेपालको समाजवाद उन्मुख गतिलाई छिट्टै हासिल गर्नुका साथै सरकारले १५ औं आवद्धिक योजनामा नै स्पष्ट गरेको "संमृद्ध नेपालः सुखी नेपाली" को राष्ट्रिय आकाक्षंलाई साकार पार्न पनि सकिन्छ ।

अन्त्यमा, "महिलामा लगानीः सभ्य र समुन्नत समाजको थालनी" भन्ने नारा शीघ्र साकार हुने थियो। ११४ औं अन्तर्राष्ट्रिय महिला दिवस, २०८० को शुभ अवसरका स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण आमा तथा दिदी बहिनीहरूलाई हार्दिक बधाई साथै सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

भीमपेदी गाउँपालिका, मकवानपुर

गजल

सरोज विक

मेची बेच महाकाली बेच छुट छ तिमीलाई ।
मेरै कुनामा फटाहा र मूर्ख गुट छ तिमीलाई ॥

टाउके मिल्नु, दाँते मिल्नु अनि दारे पनि मिल्नु ।
कालो कर्तुत छेकिने कुर्सी पाइन्ट र सुट छ तिमीलाई ॥

मासु र रक्सीमा बिक्ने भेण्डे जनता शान्ति खोज्दै छन् ।
फेरी आउने चुनावमा जिताउन एक जुट छ तिमीलाई ॥

दिन दिनै रोएको छू अनि उकुस मुकुस भएको छु म ।
मेरै आँसुको धारा शक्ति अटुट छ तिमीलाई ॥

पोको पारेर राखिएको दूधे बालकको भविष्यको,
त्यो कोमल माटाको घैंटो फुट्छ तिमीलाई ॥

एक दिन त अवश्य नै बगाउने छौं आँसुको बलिन्द्र
भेलमा ।
मेरै मुटुको भक्कानो फुट्छ तिमीलाई ॥

बागमती-४

मंगल कामना

जनार्दन खनाल

हेटौंडा हाम्रो सबैमा राम्रो नगरपालिका
सम्पूर्ण क्षेत्र सम्वृद्धि गर्दै बनाई तालिका
शिक्षामा राम्रो अगाडी देखि नेपालै भरिमा
यसले गर्दा बढायो अहो ! जिल्लाकै गरिमा ।।

श्री चन्द्रोदय माविले अब यो बालमैत्रीय
पढाई गर्ने निर्णय गर्दै उत्साह वर्धक
विभिन्न खाले देखाई डर पठन हुँदैन
विद्यार्थीलाई यातना दिन अवश्य भएन ।।

यो बालमैत्री शिक्षण कार्य शिक्षक यौटेले
गरेर हुन्न सम्वृद्ध क्षेत्र सगर्व संगले
लागेमा मात्र सफल होला यो नत्र बोलीमा
सिमित हुन्छ आग्रह गर्छु यो सबै जनमा ।।

एउटा रोग सरेको छ है ! नेपाल भरिमा
जे काम गरौं दलीय स्वार्थ घटायो गरिमा
योग्यता अनि दक्षता बुझौं भो हाम्रो नहेरौं
निश्वार्थ भाव सबैमा राखौं भेद्भाव नगरौं ।।

विशेष गरी विद्यार्थी वर्ग श्री अनुशासन
भित्रमा रही गर्दिनु होला सुरम्य पठन
राष्ट्रको भार तपाई माथी अवश्य पर्ने भो
आगामी दिन यो देश कस्तो निर्माण गर्ने हो ?

नैतिक साथै चरित्रवान सुयोग्य बन्नु है ?
त्यसको लागी कर्मठ हुन अवश्य पढ्नु है
राज्यको अनि व्यक्तिको पनि ठूलै छ लगानी
शिक्षाले मात्रै ल्याउँछ अहो ! सुनौलो बिहानी ।।

श्रद्धेय अभिभावक ज्यूले यी आफ्ना सन्तान
संगत कस्तो गर्दैछन् भन्ने गर्न है चिन्तन
घरमै राम्रो सुशिक्षा दिऔं यीनको भविष्य
पहिलो पाठशाला हो घर आमा हुन् शिक्षक ।।

आफ्नाका केही कमजोरी भए सहर्ष स्वीकारौं
दलीय स्वार्थ भावना छोडौं यो देश सपारौं
हाम्रो र राम्रो दुवै यो मिलोस सुन्दर बनाऔं
भित्रको आस्था बाहिरै छोडौं साथमा नलगौं ।।

श्री चन्द्रोदय सुकार्य गर्दै अगाडी लम्कीयोस्
हिमाल सरी सम्पूर्ण क्षेत्र अझैं यो चम्कीयोस्
राष्ट्रमै अब नमुना बनोस् सबैको चाहना
सम्बद्ध पक्ष सबैमा मेरो मंगल कामना ।।

बकैंया-४, छतिवन

गजल

उर्मीला नेपाली

तिमीभन्दा राम्रो कुनै जुन छ भने भन
तिमी रुदा अरु कोही रुन्छ भने भन

बोली तिम्रो यति मिठो लठ्ठ पर्छन सुन्ने सबै
तिम्रो स्वरभन्दा मिठो धुन छ भने भन

वैगुनीको जमातमा बचाउनु छ हाम्रो नाता
माया प्रेमभन्दा ठुलो गुन छ भने

गरिदिउँ झै लाग्छ मलाई यो जिन्दगी तिम्रै नाम
'मारे पाप पाले पुण्य' हुन्छ भने भन

बागमती-४



सुयोग श्रेष्ठ
कक्षा:- ४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४

गाउँखाने कथा

१. चाँदीको ठेकी हजुर रैछ बिर्को सुनको, गुलियो–गुलियो स्वाद आउँछ चिनीको कि नूनको ।
- ऐँसेलु

२. आज मैले अचम्म देखे लामा–लामा पात, काटी कुटी कुड्का खाएँ के हो त्यसको जात ।
- शीत

३. शीरमा मेरो खरानी छ जोगी नभने, पेट मेरो कराउँछ रोगी नभने ।
- तमाखु खाएको

४. साना–साना नानीको रैछ चुलबुले बानी, बुर्लुक्क उफ्री बथानमा जानी त्यस्तो वस्तु के रैछ भनत नानी ।
- बाख्राको पाठो

५. वरिपरी पर्खाल माझमा घ्वाई, यति कथा नजान्ने स्यालको ज्वाइँ ।
- अगेनु

मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना

निवेदक: अर्जुन बहादुर कार्की जग्गाधनी: धन बहादुर कार्की

जिल्ला मकवानपुर हाल: इन्द्र सरोवर गा.पा. ५ बस्ने नर बहादुर कार्कीको नाती धन बहादुर कार्कीको छोरा अर्जुन बहादुर कार्कीको माग निवेदन फिल्डबुक कैफियत व्यहोरा बमोजिम यो जग्गा पं. मार्खु वा.१ मा बस्ने धन वहादुर कार्कीको हो भनी सहि गर्ने हे. मालमा दर्ता भएको काका तिलक बहादुर कार्की मरी हक हुन आएको भनी सहि गर्ने धन बहादुर कार्की उल्लेख भएको धन बहादुर कार्कीको मिति २०३४।११।२५ मा मृत्यु भएको, निजको एकमात्र श्रीमती पदम कुमारी कार्कीको मिति २०३९।०१।०६ मा मृत्यु भएको, निजहरुको हकदार एकमात्र छोरा अर्जुन बहादुर कार्की भएकाले मेरो बाबुको नाममा कायम रहेको फिल्डवुक अनुसार मार्खु गा.वि.स वडा नं १ को कि.नं. ३२५ ज.रो ३-७-०-० जग्गाको पुर्जा प्राप्त नभएकाले हकदार छोरा अर्जुन बहादुर कार्कीको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदार बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गादर्ता तथा नामसारी हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ (पैंतीस)दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।)


BUDDHA Bar & Restaurant
HAADI BIRYANI
RS. 399
MANY MORE FOODS TO KILL YOUR HUNGER
Hetauda-4, School Road
buddha bar & restaurant
For Delivery 9802923576

साताको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

मेष राशि: पुरुषार्थी कामले समाजमा स्थापित भइनेछ। रोकिएका कामहरु बन्ने समय योग छ। न्याय प्रशासनमा प्रतिस्पर्धीहरुलाई पछि पारिएला। समयले साथ दिने समय योग छ। महत्वपूर्ण घरायसी काममा समयोग प्राप्त होला। व्यापार–व्यवसाय अनि सामाजिक एवं धार्मिक कृत्यमा सरिक भइने छ।

वृष राशि: बन्दव्यापार र पेशागत काममा सामान्य समय छ। कामकारोबारमा साथी सङ्गी र गुरुजनको सहयोग प्राप्त होला। बिचारको कदर हुने समय छ। खानपान र मनोरञ्जनमा समय व्यतित होला। सम्झौताका लागि अनुकूल छ। अध्ययन–अध्यापन ठिकै छ। वैदेशिक प्रयोजनबाट घाटा। परोपकारमा मन जाला।

मिथुन राशि: दीर्घकालिन प्रतिफल प्राप्त होला। बाध्यात्मक खर्च वृद्धि एवं परोपकारी वा दानपुण्यका काममा सरिक भइने छ। मायाप्रेमका लागि समुचित समय छ। कामधन्धाले मानसिक तनाब बढ्ला। व्यापार–व्यवसाय मध्यमकारक छ। जिद्धीपनाले घाटा होला। पढाइ–लेखाइ मध्यम छ। धार्मिक कृत्यमा सरिक।

कर्कट राशि: हैसियतमा वृद्धि हुनेछ। प्रतिष्ठामा पनि वृद्धि होला। हाँके ताकेका कामहरु पूर्ण हुने छन्। धार्मिक एवम् सामाजिक काममा सरिक। तिर्थ व्रतका काममा सरिक भइनेछ। व्यापार–व्यवसाय मध्यम नै मान्नुपर्दछ। घर–परिवारले सहयोग गर्लान्। पढाइ–लेखाइ ठिकै छ। यात्रा योगमा सरिक।

सिंह राशि: अचल–चल धनको उपयोग होला। परिश्रमले धनागम होला। कामधन्धाले प्रगतिको बाटो समात्ने छ। अध्ययनमा सीप बढ्ला। स्वास्थ्यमा सुधार योग छ। हाँके ताकेका काम पूरा पूरा भएपनि इच्छा बढ्ने समय योग छ। दोहोऱ्याएर काम गर्नुपर्ला। कारोबारमा सतर्कता अपनाउनु पर्ला। धार्मिक र सामाजिक काम ठिकै छ।

कन्या राशि: पेशा/व्यवसाय र कार्यक्षेत्रमा सोच अनुरुप लाभ प्राप्त हुनेछ। मनमा दोधारको अवस्था आइपर्ला। अध्ययन–अध्यापनमा सरिक भइनेछ। जिम्मेवारी र पदभार बढ्न सक्ला। वैदेशिक समस्या हल होला। अहंकारबाट जोगिदा राम्रो होला। शिक्षा–दीक्षामा नयाँ कुरा प्राप्त हुनेछ।

तुला राशि: आम्दानी बढ्ला। धनागमले मन जित्ला। आलस्य त्यागेर उत्साह पूर्वक अगाडी बढ्दा राम्रो रहला। दानपुण्यमा सरिक भइएला। ऋण सापटीमा धनागम नहोला। सोचबिचारी काम गर्नुपर्ने योग छ। पढाइ–लेखाइ मध्यम छ। धार्मिक र परोपकारजन्य काममा सरिक भइने छ।

वृश्चिक राशि: कामबाट सन्तुष्टि प्राप्त होला। जिम्मेवारी र कर्तव्यप्रति सचेत हुँदा राम्रो। नयाँ कार्य र परियोजनामा उपस्थित राख्दा राम्रो रहने छ। भौतिक सुख–सुविधामा मन जाला। व्यापार–व्यवसाय मध्यमकारक छ। पढाइ–लेखाइ ठिकै छ। धार्मिक र सामाजिक अनि परोपकारका काममा सरिक भइने छ।

धनु राशि: कार्यक्षेत्र, व्यवसाय र कामधन्धामा व्यस्त रहनुपर्ने समय योग छ। परीक्षा–प्रतियोगितामा विजय भइने छ। आत्मबल र हौसला प्राप्त हुने समय छ। प्रतिष्ठामा वृद्धि। दौडधूप र धपेडीको समय छ। पौष्टिक आहारमा ध्यान दिँदा राम्रो। लेनदेनमा विचार गर्नुपर्ला। अध्ययन–अध्यापन मध्यमकारक नै छ।

मकर राशि: नसोचेको ठाउँबाट आर्थिक लाभ होला। रोकिएका कामहरु सम्पन्न होलान्। अप्ठ्यारा परिस्थितिलाई सहज बनाउने समय छ। कारोबारमा सफलता प्राप्त होला। व्यक्तित्व विकास हुने समय योग छ। पढाइ–लेखाइ मध्यमकारक रहला। धार्मिक र सामाजिक काममा सरिक भइने छ।

कुम्भ राशि: स्वास्थ्य स्थिति कमजोर रहला। व्यापार–व्यवसाय त्यति लाभकारक नहोला। गोपनियतामा विशेष ध्यान दिनुपर्ला। खानपानमा र आहारबिहारमा सजगता अपनाउनु पर्ला। कर्तव्य र दायित्व बढ्ने योग छ। धार्मिक कार्यमा सरिक भइनेछ। अध्ययन–अध्यापनमा मन नजाला।

मीन राशि: मायाप्रेम र भावनात्मक काममा सरिक भइनेछ। आमाको सल्लाहमा गरिएको काममा सफलता प्राप्त होला। साँझेदारी पेशाबाट लाभ होला। रमणीय र सुखद यात्रा होला। व्यापार–व्यवसाय मध्यम नै छ। कार्यक्षेत्र र प्रशासनिक काममा सरिक भइने छ। बादविवादबाट बच्दा राम्रो। वैवाहिक पलको स्मृति आउला। धार्मिक काम र सामाजिक दायित्व बढ्नेछ।

मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना

निवेदक: कृष्ण बहादुर कार्की जग्गाधनी: खड्ग कुमारी कार्कीनी

जिल्ला मकवानपुर हाल: इन्द्र सरोवर गा.पा. ५ बस्ने नर बहादुर कार्कीको नाती धन बहादुर कार्की तथा खड्ग कुमारी कार्कीको छोरा कृष्ण बहादुर कार्कीको माग निवेदन फिल्डबुक कैफियत व्यहोरा बमोजिम यो जग्गा पं. मार्खु वा. १ मा वस्ने खड्ग कुमारी कार्कीनीको हो भनी सहि गर्ने हे, मालमा दर्ता भएको लो. कृष्ण बहादुर मरी हक हुन आएको भनी सहि गर्ने खड्ग कुमारी कार्कीनी उल्लेख भएको खड्ग कुमारी कार्कीको मिति २०४१।०३।१५ मा मृत्यु भएको, निजको श्रीमान धन बहादुर कार्कीको मिति २०१५।११।०७ मा मृत्यु भएको, निजहरुको एकमात्र हकदार छोरा कृष्ण बहादुर कार्की भएकाले मेरो आमाको नाममा कायम रहेको फिल्डवुक अनुसार मार्खु गा.वि.स वडा नं १ को कि.नं. ३२४ ज.रो ४-११-०-० जग्गाको पुर्जा प्राप्त नभएकाले हकदार छोरा कृष्ण बहादुर कार्कीको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदार बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गादर्ता तथा नामसारी हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ (पैंतीस)दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ । अन्यथा निवेदकको साग दावी बमोजिम छुट जग्गा दर्ता तया नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

हेटौंडा भेट्रान्स कपको उपाधिका लागि किङ कम र बानेश्वर भिड्ने

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी नवौं संस्करणको हेटौंडा भेट्रान्स कप ८ ए साइड फुटबल प्रतियोगिताको फाइनल खेल आज शनिबार हुँदैछ । हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा हुने फाइनल खेलमा उपाधिका लागि काठमाडौंको किङ कम भेट्रान्स र बानेश्वर फ्रेन्स भेट्रान्सबीच प्रतिस्पर्धा हुनेछ ।

शुक्रबार प्रतियोगिताका दुबै सेमिफाइनल खेल सम्पन्न भएसँगै फाइनल खेल्ने टिमको टुङ्गो लागेको हो । शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा पोखराको एबीसी भेट्रान्सलाई पराजित गर्दै किङ कम भेट्रान्स प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । किङको जितमा जगतमान लामाले निर्णायक गोल गरे । खेलको म्यान अफ द म्याच लामा घोषित भए ।

यस्तै, दोस्रो सेमिफाइनल खेलमा पोखराको बगरभाइ खलकलाई टाइब्रेकरमा ३-२ गोलले पराजित गर्दै बानेश्वर फाइनलमा प्रवेश गरेको हो । निर्धारित खेल समय १-१ गोलको बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । खेलको म्यान अफ द म्याच बानेश्वरका राजु पुलामी घोषित भए ।

प्रतियोगितामा बानेश्वर अभिषेक चर्चलाई हराउँदै क्वाटरफाइनलमा र चितवन भेट्रान्सलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको थियो । यस्तै, किङ कम वीरगञ्ज युथ भेट्रान्सलाई हराउँदै क्वाटरफाइनलमा र आयोजक हेटौंडा भेट्रान्स ‘बी’लाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको थियो । प्रतियोगिताअन्तर्गत् उपाधिका लागि बानेश्वर र किङ कमबीच दिउँसो २ बजे प्रतिस्पर्धा हुने फोर्थ अफिसिलय प्रदीप पराजुलीले जानकारी दिनुभयो । प्रतियोगिताको विजेता टिमले १ लाख ११ हजार रुपैयाँ प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५५ हजार रुपैयाँ चित्त बुझाउनेछन् ।

जडीबुटी खेतीसम्बन्धी तालिम सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३ मा रहेको वनस्पति अनुसन्धान केन्द्रमा जडीबुटी खेतीसम्बन्धी तालिम सम्पन्न भएको छ । मंगलबारबाट सुरु भएको तालिम बिहीबार सम्पन्न भएको हो ।

तालिमको उद्घाटन मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईंले विरुवामा पानी हालेर गर्नुभएको थियो । तालिमको पहिलो दिन चन्द्रकला ठाकुरले कुरिलो खेतीबारे, वन डिभिजन कार्यालयका राकेश राजवंशीले वन नियमसम्बन्धी र जिल्ला आयुर्वेद कार्यालयकी ललिता पाण्डेले जडीबुटी आयुर्वेदको प्रयोगसम्बन्धी विषयमा सहजीकरण गर्नुभएको थियो । दोस्रो दिनमा अनिशकुमार कर्णले सुगन्धित तेलको परिचय, चन्द्रकला ठाकुरले सर्पगन्धा र न्यूरो खेती, मकवानपुर गढीकी संगीत घिमिरेले बेसार खेती र रघुराम पराजुलीले जडीबुटी संकलनसम्बन्धी विषयमा सहजीकरण गर्नुभएको थियो ।

तालिममा मकवानुरमा रहेको वनस्पति तथा जडीबुटी, वनस्पति उद्यान, नेपालमा प्राथमिकतामा रहेको जडीबुटी आदिको बारेमा जानकारी दिइएको थियो । यस्तै, वनस्पति स्रोतको कार्य क्षेत्रहरु, नेपालमा जडीबुटी र गैरकाष्ठ वन पैदावार आदि विषयमा प्रशिक्षण दिइएको थियो ।

समापन कार्यक्रममा वनस्पति विभागका योजना अधिकृत मोनिका दाहालको प्रमुख आतिथ्य रहेको थियो । तालिमको संयोजक वैज्ञानिक अधिकृत अनिशकुमार कर्ण रहनुभएको थियो । तालिमको समापन वनस्पति अनुसन्धान केन्द्र मकवानपुरका वरिष्ठ वैज्ञानिक अधिकृत रघुराम पराजुलीले गर्नुभएको थियो । तालिममा मकवानपुर गढी गाउँपालिका, बकैया गाउँपालिका, मनहरी गाउँपालिका, थाहा नगरपालिका र हेटौंडा उपमहानगरपालिकाका १८ जनाको सहभागिता रहेको थियो ।

बुद्यौली साहित्य समाजको अध्यक्षमा रिजाल

ज्येष्ठ साहित्यकार माधव भण्डारी (रश्मि) लाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौंडाः बुद्यौली साहित्य समाज मकवानपुरको अध्यक्षमा आरसी रिजाल चयन हुनुभएको छ । शुक्रबार हेटौंडाको रोयल पार्टी प्यालेसमा समाजको दोस्रो अधिवेशनबाट रिजाल अध्यक्ष चयन हुनुभएको हो ।

बुद्यौली साहित्य समाज मकवानपुरको तेश्रो वार्षिकोत्सव र १४४ औं महिला दिवसको अवसरमा कार्यक्रम आयोजना भएको हो । समाजको उपाध्यक्ष राजकुमार लामिछाने, कोषाध्यक्ष अनिता न्यैपाने, सचिव सुवास खनाल र उपसचिव जनार्दन खनाल चयन हुनुभएको छ । यस्तै, सदस्यहरुमा सुदर्शन अधिकारी र मोहन अधिकारी चयन हुनुभएको छ । नवनिर्वाचित कार्यसमितिको कार्यकाल ३ वर्षको हुनेछ ।

कार्यक्रममा तोयानाथ स्मृति सम्मान-२०८० बाट ज्येष्ठ साहित्यकार माधव भण्डारी (रश्मि) लाई सम्मानित गरिएको छ भने तुल्सी थापा स्मृति सम्मान-२०८० बाट प्रा.डा. मुकेशकुमार चालिसे सम्मानित हुनुभएको छ । बुद्यौली साहित्य समाज मकवानपुरका अध्यक्ष आर सी रिजालको सभाध्यक्षता तथा बुद्यौली साहित्य समाजका परिकल्पनाकार वरिष्ठ हास्यब्यङ्ग्यकार चट्याङ मास्टर (कृष्णमुरारी गौतम) को प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा स्वस्तिका दाहाल, सुदर्शन अधिकारी र पुरुषोत्तम आचार्यले कविता वाचन गर्नुभएको थियो ।

जिल्लास्तरीय व्याडमिन्ट प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला व्याडमिन्टन संघले हेटौंडामा आगामी चैत ९ र १० गते जिल्लास्तरीय खुला नकआउट व्याडमिन्टन प्रतियोगिता आयोजना गर्ने भएको छ । शुक्रबार जिल्ला व्याडमिन्टन संघका अध्यक्ष विष्णु घिमिरे धुर्वको अध्यक्षतामा बसेको कार्यसमिति बैठकले जिल्लास्तरीय व्याडमिन्टन प्रतियोगिताको आयोजना आगामी चैत ९ र १० गते गर्ने निर्णय गरेको हो ।

हेटौंडा-११, थानाभर्‍याङको कभर्ड हलमा हुने प्रतियोगितामा २ वटा विधामा प्रतिपस्पर्धा हुने जिल्ला व्याडमिन्टन संघका सदस्य नरेन्द्र मोक्तानले जानकारी दिनुभएको छ । प्रतियोगितामा ४५ वर्षभन्दा अधिक उमेर समूह भेन्ट्रास खेलाडीको र त्यो भन्दा कम उमेर समूहका खेलाडीहरुको पनि सहभागिता रहने सदस्य मोक्तानले बताउनुभयो ।

प्रतियोगितामा मकवानपुर जिल्लाभित्रका खेलाडीहरुले मात्र सहभागिता जनाउन पाउने उहाँले बताउनुभयो । करिब ७ महिना पहिला स्थापना भएको संघले पहिलो पटक प्रतियोगिता आयोजना गर्न लागेको हो । जिल्लामा व्याडमिन्टन खेलको विकास गर्ने, लुकेको खेलाडीहरुको प्रतिभालाई जगाउने, व्याडमिन्टनको नयाँ खेलाडीहरुको उत्पादन गर्ने, मकवानपुर जिल्लाको विभिन्न पालिकाका खेलाडीहरुबीच भातृत्व कायम गराउने र खेलाडीहरुको रुचि क्षमताको विकास गर्ने उद्देश्यले संघको शुक्रबार बसेको कार्यसमिति बैठकले प्रतियोगिताको आयोजना गर्ने निर्णय गरेको जनाएको छ ।

प्रतियोगिता आयोजनाका लागि करिब २ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको पुरस्कार राशिबारे पछि निर्णय गर्ने आयोजक समितिले जनाएको छ ।

जिल्ला व्याडमिन्टन संघका उपाध्यक्ष सुरेन्द्र प्रधानको संयोजकत्वमा हुने प्रतियोगिताका लागि ७ सदस्यीय समिति गठन गरिएको छ । समितिको सदस्यमा क्रमशः नरेन्द्र मोक्तन, देवकुमारी घिमिरे, नवराज राई, दीपक सिंह बुढाथोकी, विक्रम लामा र प्रह्लाद उप्रेती रहेका छन् । कार्यसमितिको बैठकमा व्याडमिन्टन संघमा आवद्ध भएका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

शक्तेश्वर मन्दिरको सभाहल उद्घाटन

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१६ स्थित शक्तेश्वर मन्दिर संरक्षण तथा पर्यटकीय क्षेत्र व्यवस्थापन समितिले निर्माण गरेको सभाहलको उद्घाटन भएको छ । शुक्रबार हिन्दूहरुको महान पर्व शिवरात्रीको अवसरमा हेटौंडा-१६ का वडाध्यक्ष रामकृष्ण कोइरालाले सभाहलको उद्घाटन गर्नुभएको हो ।

सभाहलको उद्घाटन गर्नुहुँदै वडाध्यक्ष कोइरालाले विकास निर्माणमा राजनीति गर्न नहुने बताउनुभएको छ । राजनीति चुनावको बेला गनुपर्ने र विकास निर्माणमा भने सबैको हातेमालो हुनुपर्ने उहाँले बताउनुभयो । विकासमा सबैको हातेमालो भएमा देश समृद्धितर्फ अग्रसर हुने उहाँको भनाइ छ ।

मन्दिर व्यवस्थापन समितिका अध्यक्ष सोमप्रसाद लामिछानेको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१६ का वडा सदस्य राजन दहाल, समितिका आजीवन सदस्य धुव्र भुजेल र नेपाली कांग्रेसका १६ नम्बर वडा सभापति सोमनाथ दंगाललगायतको उपस्थिति रहेको थियो ।

ब्रदर्स प्रिन्टरको निःशुल्क सर्भिस क्याम्प

Printer Shop
the Complete Office Solution
Toner Refilling, Printer Service and New Printer, Photocopy Available.
brother
at your side

समाज संवाददाता

हेटौंडाः ब्रदर्स प्रिन्टर तथा फोटोकपी मेशिनको निःशुल्क सर्भिस क्याम्प सञ्चालन गरिएको छ । हेटौंडा-४, स्कूलरोडस्थित टोनर हाउसको सहयोगमा बिहीबारदेखि निःशुल्क सर्भिस क्याम्प भएको हो ।

ब्रदर्सको नेपालका लागि आधिकारिक डिलर सागर ग्रुप र हेटौंडाको हेटौंडा प्रिन्टर सपद्वारा क्याम्प सञ्चालन गरिएको छ । क्याम्प आज शनिबारसम्म सञ्चालन हुने प्रिन्टर सपका प्रोपाइटर च्याङ्वा लामाले जानकारी दिनुभएको छ । हरेक वर्ष सर्भिस क्याम्प सञ्चालन गर्ने गरेको ब्रदर्स प्रिन्टरले कोरोनाको कारण विगतमा केही वर्ष क्याम्प सञ्चालन गर्न नसकेको लामाले बताउनुभयो ।

सर्भिस क्याम्पमा ग्राहकहरुलाई निःशुल्करुपमा प्रिन्ट सर्भिस र पुरानो भ्यालुएसन गराएर नयाँ प्रिन्टिङ मेशिन साट्ने सुविधा दिएको उहाँले बताउनुभयो । क्याम्पको पहिलो दिन १७ जना ग्राहकहरुले सेवा लिएको उहाँको भनाइ छ । निःशुल्क सेवा लिनका लागि ग्राहकहरु मनहरी, बागमती गाउँपालिकाको फापरवारी र बागमती प्रदेश प्रहरी कार्यालयबाट आएका थिए ।

आफूले बिक्री गरेको सामानहरुबाट आफ्नो ग्राहकहरुलाई पनि सेवा सुविधा दिने उद्देश्यले निःशुल्क सर्भिस क्याम्पको आयोजना गरेको उहाँले बताउनुभयो । हेटौंडामा अहिलेसम्म ब्रदर्श प्रिन्टले मात्र यस्तो सेवा सुविधा दिँदै आइरहेको उहाँले बताउनुभयो । शुक्रबार रौतहट, पालुङ र हेटौंडाका विभिन्न ठाउँहरुबाट करिब २३ जना ग्राहकहरु सेवा लिन आएका छन् ।

मकवानपुरका २ सहित थप २,६७४ जनालाई सहिद घोषणा

काठमाडौंः सरकारले मकवानपुरका २ जनासहित थप २ हजार ६७४ जनालाई सहिद घोषणा गरेको छ । सरकारले गरेको घोषणाको निर्णय अनुसार थप सहिदहरुको सूची राजपत्रमा प्रकाशित भएको छ । मकवानपुरको मनहरी-४ की अन्जु रेग्मी र हेटौंडा-१२ का एकनाथ सुवेदीलाई पनि सहिद घोषणा गरिएको छ । रेग्मीको २०५९ साल असोज १८ गते र सुवेदीको २०६२ साल भदौ १० गते मृत्यु भएको थियो ।

२४ पुसको मन्त्रिपरिषद् बैठकले विभिन्न आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गरेका तर सहिद घोषणा हुन बाँकी रहेका २ हजार ६७४ जनालाई सहिद घोषणा गर्ने निर्णय गरेको थियो । सोही दिनमा विभिन्न मितिमा सहिद घोषणा भई विवरण अपूर्ण भएका कारण राजपत्रमा प्रकाशन हुन बाँकी २५९ जनाको सहिदहरूको विवरण नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय पनि भएको थियो ।

विभिन्न मितिमा सहिद घोषणा भएका १०१२ जना सहिदहरूको विवरण संशोधन गर्ने निर्णय पनि भएको थियो । सोही दिनमा विभिन्न मितिमा सहिद घोषणा भएका १५२ जना सहिदहरूको विवरण संशोधन गर्ने निर्णय पनि भएको मन्त्रिपरिषद्ले गरेको थियो । राजपत्रमा प्रकाशन हुन बाँकी ३ जनाको सहिदहरूको विवरण राजपत्रमा प्रकाशन गर्ने र विभिन्न आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गरेका तर सहिद घोषणा हुन बाँकी अरु ७५ जनालाई सहिद घोषणा गर्ने निर्णय भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक गरेको निर्णय विवरणमा उल्लेख छ ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

सूचना ! सूचना !! सूचना !!!

सुपर बागमती हाइड्रोपावर लिमिटेडद्वारा प्रस्तावित सुपर तल्लो बागमती जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीको शिलशिलामा सरोकारवाला व्यक्ति/संस्थाहरुको राय सुझाव सङ्कलनका लागि निम्न स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले उक्त कार्यक्रममा उपस्थित भई राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध छ।

पुनश्च: प्रस्तावित आयोजनाबाट प्रभावित जग्गाधनीहरुको विवरण मकवानपुर जिल्लाको बागमती गाँउपालिकाको वडा नं. 3, 4, 5, र 7 र बकैया गाँउपालिकाको वडा नं. 1 र 2 र रौतहट जिल्लाको चन्द्रपुर नगरपालिकाको वडा नं. 3 र 4 को सूचना पाटीमा टाँस गरिएको छ।

प्रभावित वडाहरु

मकवानपुर जिल्लाको बागमती गाँउपालिका वडा नं. 3, 4, 5, र 7 र बकैया गाँउपालिका वडा नं. 1 र 2

रौतहत जिल्लाको चन्द्रपुर नगरपालिका वडा नं. 3 र 4

सार्वजनिक सुनुवाई कार्यक्रम हुने स्थानहरु

श्री डाँफे बगेरी सामुदायिक वन उपभोक्ता समितिको सभाहल, बागमती गाँउपालिका -५, बगेरी, मकवानपुर

मिति : २०८०/१२/०3 गते शनिबार

समय : बिहान ११:३० बजे

श्री जन एकता सामुदायिक वन उपभोक्ता समितिको सभाहल, चन्द्रपुर नगरपालिका.-4, ठाँडा टोल, रौतहट

मिति : २०८०/१२/०7 गते बुधबार

समय : बिहान ११:३० बजे

आयोजक
सुपर बाग्मती हाइड्रोपावर लिमिटेड
ललितपुर १०, कुपण्डोल
फोन नम्बर: ०१ – ५४२९१७६
पोष्ट बक्स नं: १०२१८
ईमेल: hydropower@gmail.com

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ